का.जि.प्र.का.द.नं. १००/०५९/६०

१९ जेठ २०८०, शुक्रबार
2 June 2023, Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १२७ । पृष्ठ १२ Madhyanha Nati www.madhyanhadaily.com



भारत भ्रमणका क्रममा नेपालको चाहनाको खासै सम्वोधन हुन सकेन। भारतले चाहेको विषयमा भने नेपालले आँखा चिम्लेरै सहमति जनायो। तर पनि भ्रमण सफल भएको भन्नुपर्ने नेपाल सरकारको विवसता !

● **शंकर पोखरेल**
महासचिव, एमाले



नेपाल र भारतका बीचमा सम्बन्ध उतारचढावबाट गुज्रिरहेको थियो। अहिलेको भ्रमणले अलि स्थिर सम्बन्धतिर गएको रूपमा बुझ्नुपर्छ। अब एउटा विश्वासको दिशातिर अगाडि बढेको संकेत हामी पाउँछौं।

● **हरिबोल गजुरेल**
प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार



## सात सम्झौता

१. पारवहन सम्झौता नवीकरण
२. सीमापार पेट्रोलियम पाइपलाइन विस्तार
३. परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान र सुष्मा स्वराज इन्स्टिच्युटबीच सहकार्य
४. चाँदनी-दोधारामा एकीकृत जाँच चौकी बनाउने
५. तल्लो अरुणको पीडीए गर्ने
६. फुकोट कर्णाली जलविद्युत परियोजना भारतीय कम्पनीले बनाउने
७. डिजिटल पेमेन्ट

# नेपाल-भारतबीच अविश्वास घटाउने प्रयास

प्रधानमन्त्री प्रचण्डले प्राथमिकतामा राखेको भएता पनि बुहप्रतीक्षित रहेको हवाई रुट विस्तार र पञ्चेश्वर बहुद्देश्यीय परियोजनामा महाकालीको पानी बाँडफाँटको ठोस सहमति हुन सकेन ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १८ जेठ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले चार दिने भारत भ्रमणका क्रममा समकक्षी नरेन्द्र मोदीसँग बिहीबार भेटवार्ता गरेका छन् । भेटवार्ताका क्रममा उर्जा र ब्यापार क्षेत्रसँग सम्बन्धीत सात सम्झौता भएको छ । सँगै, पछिल्ला वर्षहरुमा दुई देशबीच देखिएको अविश्वास हटाउने प्रयास समेत दुई प्रधानमन्त्रीले गरेका छन् ।

तर सार्वजनिक रुपमा भने दुई देशबीच भएको सम्झौताहरुलाई समृद्ध सम्बन्धको आधार भनिएको छ। संयुक्त प्रेस सम्मेलनमा मोदीले सीमा समस्या वा अरु कुनैपनि कुराले दुई देशबीच अवरोध नगर्ने बताएका थिए । यसपछि दुई प्रधानमन्त्री बीच जुटेको सहमति सार्वजनिक भयो । सार्वजनिक सहमति अनुसार, भारतको हैदरवाद हाउसमा गरिएको वार्तामा परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान र सुष्मा स्वराज इन्स्टिच्युटबीच सहकार्य गर्ने, चाँदनी-दोधारामा एकीकृत जाँच चौकी बनाउने, तल्लो अरुणको पीडीए गर्ने र फुकोट कर्णाली जलविद्युत परियोजना भारतीय कम्पनीले बनाउने सहमति भएको छ।

तर प्रधानमन्त्री प्रचण्डल प्राथमिकतामा राखेको भएतापनि बुहप्रतिक्षित रहेको हवाई रुट विस्तार र पञ्चेश्वर बहुद्देश्यीय परियोजनामा महाकालीको पानी बाँडफाँटको ठोस सहमति हुन सकेन। नेपाल भारत सम्झौता पृष्ठ २ मा

## नेपाली बिजुलीका लागि विदेशी बजार खुला

भारतले नेपालबाट आफ्नो जमिन हुँदै बंगलादेश बिजुली बेच्न दिन सहमति जनाएको छ । प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणका क्रममा नेपालबाट भारतीय भूभाग हुँदै बंगलादेशलाई बिजुली बेच्न दिन सहमति जनाएको हो ।त्वतब

भारतीय विदेश सचिव विनयमोहन क्वात्राले आफ्नो भूभाग हुँदै नेपालबाट ४० मेगावाट बिजुली बेच्न सहमती दिन समस्या नहुने बताए। संयुक्त पत्रकार सम्मेलनमा उनले भने, 'नेपाल र बंगलादेशबीच बिजुली व्यापारका लागि त्रिपक्षीय सम्झौता चाहिन्छ। तर, यसका लागि भारत तयार छ।'

नेपाल र बंगलादेशबीच विद्युत व्यापार भएमा क्षेत्रीय रुपमा नै फाइदा हुने र यसका लागि भारत तयार रहेको पृष्ठ २ मा

## भारतीय जलमार्गमा नेपाललाई सुविधा

नेपालको वैदेशिक व्यापारमा प्रयोग हुनेगरी भारतीय आन्तरिक जलमार्गको बाटो खुलेको छ । प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणका क्रममा भएको सम्झौतापछि नेपालको वैदेशिक व्यापारमा भारतीय आन्तरिक जलमार्गको पहुँच खुलेको हो ।

प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाल र भारतका वाणिज्यमन्त्री पीयुष गोयलबीच सम्झौता भएको हो । पछिल्लो २५ वर्षपछि पुनरावलोकन भएको पारवहन सन्धिबाट नेपालले भारतीय आन्तरिक जलमार्गको प्रयोग गर्न पाउने भएको हो ।

पारवहन सम्झौता पुनरावलोकन भएसँगै अब नेपालले भारतीय गंगा नदीको आन्तरिक जलमार्ग पृष्ठ २ मा

## विराटनगर भन्सार आइपुग्यो कार्गो रेल

भारतको बथनाहबाट छुटेको कार्गो रेल बिहीबार विराटनगर आइपुगेको छ। भारत भ्रमणमा रहेका प्रधानमन्त्री पुष्पकमल प्रचण्ड र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रुपमा उद्घाटन गरेपछि भारतको बथनाहबाट छुटेको कार्गो रेल विराटनगर आइपुगेको हो।

विराटनगरस्थित एकीकृत भन्सार जाँच चौकीसम्म आइपुगेको कार्गो रेलमा केही उद्योगका लागि कच्चापदार्थ ढुवानी गरिएको छ । कच्चा पदार्थसँगै कार्गो रेल एकीकृत भन्सार जाँच चौकीमा आएको हो ।

लामो समयदेखि कोशी प्रदेशका व्यवसायीले सीमा क्षेत्र बथनाहादेखि विराटनगरको एकीकृत जाँच चौकीसम्म सञ्चालनमा रहेको रेललाई माल सामान ढुवानीका लागि खुला पृष्ठ २ मा

- मदिरा तथा सुर्तिजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छन् ।
- यस्ता वस्तुको उपभोग नगरौं/नगराऔं ।
- मदिरा तथा सुर्तिजन्य पदार्थको विज्ञापन गर्न नपाइने कानूनी व्यवस्था छ ।
- जनस्वास्थ्य सम्बन्धी कानूनको पूर्णरुपमा पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सांसद विकास कोषको चौतर्फी विरोध

फिर्ता लिन संसदमा संकल्प प्रस्ताव, सभामुखलाई छुट्टै ज्ञापनपत्र



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १८ जेठ ।

सांसद विकास कोषको चौतर्फी विरोध भएको छ। आगामी आर्थिक वर्षमा प्रत्येक निर्वाचन क्षेत्रमा सांसदको तजविजी अधिकार रहने गरी योजना छनोट गर्ने मोडेलमा पाँच/पाँच करोड विनियोजन गरिएपछि विरोध भएको हो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सांसद विकास कोषका लागि बजेट विनियोजन गर्दा राष्ट्रिय ढुकुटी दोहन हुने भन्दै खारेजीका लागि संकल्प प्रस्ताव दर्ता गराएको छ । रास्वपाका सांसद डोलप्रसाद अर्यालको नेतृत्वमा बिहीबार संकल्प प्रस्ताव दर्ता भएको हो ।

रास्वपाले संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमलाई रकम छुट्याएर बजेटको विश्वसनीयतामाथि नै प्रश्न उठेको रास्वपाको भनाइ छ । रास्वपाले संकल्प प्रस्ताव दर्ता गराउनुको ६ वटा कारण र औचित्य उल्लेख गरेको छ ।

'अर्थतन्त्र धराशायी भएको अवस्थामा यस्ता विवादित र स्रोतको उचित उपयोग हुन नसक्ने कार्यक्रमबाट राष्ट्रिय ढुकुटीको दोहन मात्र हुने,' संकल्प प्रस्तावको कारण र औचित्यमा भनिएको छ, 'मुलुक विकेन्द्रीकरणको अभ्यासमा गइसकेको अवस्थामा यस्ता स्थानीय विकास केन्द्रित कार्यक्रम ल्याउनुले स्थानीय सरकारको कार्य सम्पादनमा आशंका सिर्जना गरेको देखिने ।'

रास्वपाले मुलुकको अर्थतन्त्र चुनौतीपूर्ण अवस्थाबाट गुज्रिइरहेको समयमा सरकारले संसदीय क्षेत्र विकास पूर्वाधार कार्यक्रमलाई बजेटमा समावेश गर्दा मुलुकलाई आर्थिक बोझ थपिँदा विकेन्द्रीकरणको औचित्यमा नै प्रश्न उठाउने भनेको छ ।

बिहीबार मात्रै प्रमुख प्रतिपक्षी नेकपा एमालेको विद्यार्थी संगठन अनेरास्ववियूले पनि बजेटमा व्यवस्था गरिएकको संसदीय क्षेत्र पूर्वाधार विकास पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# चर्को गर्मीका कारण खाडी मुलुकमा दिउँसो काम गर्न प्रतिबन्ध

## प्रशस्तै पानी पिउन र छायाँमा बस्न कामदारलाई सुझाव

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ जेठ

ठूलो संख्यामा नेपाली कार्यरत खाडीका विभिन्न मुलुक तथा मलेसियामा प्रचण्ड गर्मीबाट कामदारलाई जोगाउन विशेष सतर्कता अपनाउन रोजगारदातालाई विशेष निर्देशन दिइएको छ ।

खाडी मुलुकहरूमा अत्यधिकरूपमा गर्मी बढेपछि दिउँसो १ बजेदेखि ४ बजेसम्म खुला ठाउँमा काम गर्न निषेध गरिएको छ भने सरकारी निर्णय उल्लंघन गर्ने रोजगारदाताहरूलाई ठूलो रकम जरिवानासहित कडा कारबाही गर्ने निर्देशन जारी गरिएको छ ।

खाडी मुलुकहरूमा झण्डै ११ लाख नेपाली कार्यरत रहेको आंकलन छ । विगत वर्षहरूका तथ्यांक हेर्दा जुनदेखि अगस्टसम्म गर्मीका कारण बढी मात्रामा नेपाली कामदारको ज्यान जाने गरेको छ । खाडी मुलुकमा गर्मीयाममा पानी नपर्ने,



अत्यधिक तातो हावा चल्ने, धुलो उडेर जनस्वास्थ्यमा गम्भीर असर पार्ने गरेको स्वास्थ्य अधिकारीहरूको भनाइ छ ।

मौसमका हिसाबले अत्यन्तै खराब सिजनका रूपमा लिइने जुनदेखि अगस्टसम्म छहारीमा पनि तापक्रम ५५ डिग्री सेल्सियस पुग्ने गरेको स्थानीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् । दिउँसो कार्य क्षेत्रमै आराम गर्ने कामदारहरूको शरीरको अत्यधिक नुन पसिनाबाट बग्दा कामदार कार्यस्थलमै ढल्ने, बेलुका क्याम्पमा पुग्दा शरीर नुनिलो पसिनाले सेतै भइसक्ने कामदारहरूको भनाइ छ ।

यता खाडी मुलुकको तुलनामा राम्रो हावापानी रहेको मलेसियामा पनि तापक्रम पछिल्ला दिनमा लगातार पृष्ठ २ मा

# सुल्झिएन इपीजी र सीमा समस्या

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालसँग देखिएका सीमासम्बन्धी विवाद मिलेरै समाधान गर्ने बताए । नेपालका प्रधानमन्त्री प्रचण्डले सीमा समस्या समाधानको विषयमा भारतीय अधिकारहरुसँग छलफल भएको र द्विपक्षीय कूटनीतिक संयन्त्रमार्फत समाधान गर्न आफूले आग्रह गरेको बताए ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १८ जेठ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भारत भ्रमणका क्रममा नेपाल-भारत प्रबुद्ध समूह (ईपीजी) को प्रतिवेदन र सीमा समस्या समाधानको पहल लिने विषयलाई समेत एजेण्डा बनाएको थियो । तर यो विषयमा देखिने गरी ठोस केही पनि हुन सकेन ।


भारतीय विदेश सचिव विनयमोहन क्वात्राले ईपीजीको प्रतिवेदनलगायतका विषयमा चर्चा नभएको बताए ।

प्रधानमन्त्री प्रचण्ड र भारतीय समकक्षी नरेन्द्र मोदीबीच भएको प्रतिनिधिमण्डलस्तरीय भेटवार्तापछि आयोजित पत्रकार सम्मेलनमा विदेश सचिव क्वात्राले व्यक्तिगत स्तरमा र त्यसपछि द्विपक्षीय प्रतिनिधिमण्डलबीच भएको बैठकमा यी विषयहरू नउठेको बताए ।

प्रधानमन्त्रीहरूको पृष्ठ २ मा

## भारतीय 'भित्ते नक्सा'बारे कुरा उठ्यो

भारतीय संसद भवनमा रहेको नक्सामा नेपाली भूभागको नाम समेत समावेश भएपछि नेपालका त्यसको विरोध चलिरहेको छ । भारत भ्रमणका रहेका प्रधानमन्त्री प्रचण्डले पनि भारतको नव निर्मित संसद भवनमा राखिएको 'अखण्ड भारत' को नक्सावारे चासो राखेका छन् ।



प्रचण्डले भारतीय सुरक्षा सल्लाहकार अजित डोभाल र विदेश सचिव विनयमोहन क्वात्रासँग नक्सामा नेपाली भूमि पृष्ठ २ मा

# राजस्व चुहावट मुद्दामा चुडामणि शर्मासहित तीन जना दोषी ठहर

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ जेठ



राजस्व चुहावटसम्बन्धी मुद्दामा विशेष अदालतले सहसचिव चुडामणि शर्मासहित तीन जनालाई दोषी ठहर गरेको छ ।

विशेष अदालतका अध्यक्ष श्रीकान्त पौडेल, सदस्यहरु यमुना भट्टराई र शालिग्राम कोइरालाको इजलासले आयोगका तत्कालिन सदस्य सचिव शर्मा, अध्यक्ष लुम्बध्वज महत र सदस्य उमेश ढकाललाई दोषी ठहर गरेको हो । सरकारले २०७१ सालमा कर फर्छ्यौट गर्न आयोग गठन गरेको थियो । त्यसमा चार्टर्ड एकाउन्टेन्ट लुम्बध्वज महत संयोजक थिए भने उमेश ढकाल सदस्य थिए । त्यस्तै, आन्तरिक राजस्व विभागका तत्कालीन महानिर्देशक चुडामणि शर्मा आयोगका सदस्य सचिव थिए ।

त्यतिबेला कर फछ्र्यौट आयोगका पदाधिकारीले राजस्व चुहावट गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दर्ता गरेको थियो । २०७४ साउन १ गते दर्ता भएको मुद्दामा बिहीबार फैसला आएको हो । आगामी २५ गते सजाय निर्धारणका लागि पेशी तोकिएको छ । विशेष अदालतले सहसचिव शर्मालाई गैरकानूनी सम्पत्ति आर्जनको मुद्दामा भने सफाइ दिएको छ ।

### नक्कली शरणार्थी प्रकरण

# पूर्वउपप्रधानमन्त्री रायमाझीसहित तीनको बयान सकियो




**काठमाडौं/मस**-नक्कली भुटानी शरणार्थी प्रकरणका आरोपित पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझीसहित तीन जनाको बयान सकिएको छ ।

काठमाडौं जिल्ला अदालतका न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासमा पूर्वउपप्रधानमन्त्री रायमाझी, आङटावा शेर्पा र समशेर मियाँले बयान लिइएको हो । नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेकामध्ये अब तीन जनाले मात्रै बयान दिन बाँकी रहेको जनाइएको छ । पूर्वगृहमन्त्री बालकृष्ण खाण, भुटानी शरणार्थी नेता टेकनाथ रिजाल र बिहीबार काठमाडौं जिल्ला अदालतमा हाजिर भएका हरिभक्त महर्जनको बयान लिन बाँकी रहेको छ । उनीहरुको बयान शुक्रबार लिइने भएको छ । नक्कली शरणार्थी प्रकरणमा प्रतिवादीको बयान यही जेठ १२ गतेदेखि काठमाडौं जिल्ला अदालतमा लिन थालिएको हो ।

उक्त प्रकरणका आरोपितमध्ये बिहीबारसम्म १५ प्रतिवादीले बयान दिइसकेका छन् । उक्त प्रकरणका आरोपितमध्ये १७ पक्राउ परेका छन् भने १३ अझै फरार रहेको प्रहरीले जनाएको छ ।

# ‘कांग्रेस पुन:निर्माणका लागि गुटको अन्त्य हुनुपर्छ’

**काठमाडौं/मस**- नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले पार्टी पुन:निर्माणका लागि गुटको अन्त्य हुनुपर्ने बताएका छन् । कांग्रेसको शुभेच्छुक संस्था नेपाल छापाखाना तथा सञ्चार सम्बद्ध श्रमिक संघले बिहीबार आयोजना गरेको ‘आजको राजनीतिक अवस्था र ट्रेड युनियन’ विषयक विचार गोष्ठीमा उनले पार्टी रुपान्तरणका लागि गुटहरु भत्काउनुपर्ने बताएका हुन् । ‘कांग्रेसलाई सुधार्नका लागि सबै गुटहरु भत्काउनुपर्छ, कांग्रेसभित्र अब परिवर्तन चाहने र परिवर्तन रोक्नेबीच प्रतिस्पर्धा हुनुपर्छ’, उनले भने । उनले कांग्रेसले युवालाई भविष्यप्रति आशावादी बनाउने खालका कार्यक्रम सञ्चालन गर्नुपर्ने बताए । कांग्रेस बनाउने जिम्मा कांग्रेसको काँधमा आएको उनको भनाइ थियो । ‘कांग्रेसले आजका दिनमा कुशासन, बेथिति र भ्रष्टाचार म हटाउँछु, मुलुकलाई आजभन्दा भोलि राम्रो बनाउँछु, राम्रो अवसर दिन्छु भनेर आश्वस्त पार्न सक्नुपर्छ’, महामन्त्री थापाले भने । कांग्रेस कमजोर नभएको र पुन:निर्माण सम्भव भएको उनको भनाइ थियो ।

# पाँच महिनामा चार लाख बढी विदेशी पर्यटक भित्रिए

**काठमाडौं/मस**-सन् २०२३ को पाँच महिनामा चार लाख चार हजार दुई सय ५७ विदेशी पर्यटक नेपाल भित्रिएका छन् । नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्यांक अनुसार जनवरीदेखि मे महिनासम्म सो सङ्ख्यामा पर्यटक भित्रिएका हुन् ।

मे महिनामा मात्रै ७७ हजार सात सय ३० पर्यटक नेपाल आएका छन् । यस वर्षको जनवरीमा ५५ हजार ७४, फेब्रुअरीमा ७३ हजार दुई सय ५५, मार्चमा ९९ हजार चार सय २६ र अप्रिलमा ९८ हजार सात सय ७३ पर्यटक भित्रिएका थिए । तथ्यांकअनुसार मे महिनामा पनि सबैभन्दा बढी भारतबाट ३६ हजार पाँच सय ७५ पर्यटक भित्रिएका छन् । भारतपछि अमेरिकाबाट आठ हजार पाँच सय ४५, चीनबाट चार हजार छ सय ६७, बेलायतबाट दुई हजार नौ सय २७, अष्ट्रेलियाबाट दुई हजार एक सय ८४ जना पर्यटक आएका छन् ।

बंगलादेशबाट दुई हजार एक सय ६४, मलेसियाबाट एक हजार तीन सय २१, जर्मनीबाट एक हजार एक सय ६५, फ्रान्सबाट एक हजार ९७ र दक्षिण कोरियाबाट एक हजार ३९ जना पर्यटक भित्रिएका छन् । कोभिडले सुस्ताएको पर्यटन क्षेत्रले पछिल्लो समयमा गति लिँदै गएको छ । स्थलमार्गबाट आउने भारतीय पर्यटक बाहेक सन् २०१९ मा करिब १२ लाख पर्यटकको आगमन भएकोमा कोभिड महामारीका कारण सन् २०२० र २०२१ मा पर्यटक आगमन सङ्ख्या क्रम: दुई लाख ३० हजार र एक लाख ५१ हजारमा सीमित रहन पुगेको थियो ।

यद्यपि, सन् २०२२ मा भने पर्यटक आगमनमा उल्लेख्य वृद्धि भइ ६ लाख १४ हजार आठ सय ६९ पुगेको छ । सन् २०२३ मा पर्यटक आगमन निरन्तर बढिरहेको छ ।

## नेपाल...

लगत्तै नेकपा एमालेका महासचिव शंकर पोखरेलले भारतको चाहना सम्बोधन भएको तर नेपालको चाहनाका विषयहरु सम्बोधन हुन नसकेको टिप्पणी गरेका छन् ।

पोखरेलले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, ‘भारत भ्रमणका क्रममा नेपालको चाहनाको खासै सम्वोधन हुन सकेन । भारतले चाहेको विषयमा भने नेपालले आँखा चिम्लेरै सहमति जनायो । तर पनि भ्रमण सफल भएको भन्नुपर्ने नेपाल सरकारको विवसता !’

प्रधानमन्त्रीका राजनीतिक सल्लाहाकार हरिबोल गजुरेल भ्रमण सकारात्मक रहेको बताउँछन् । उनी भन्छन्, ‘नेपाल र भारतका बीचमा सम्बन्ध उतारचढावबाट गुज्रिइरहेको थियो । अहिलेको भ्रमणले अलि स्थिर सम्बन्धतिर गएको रूपमा बुझ्नुपर्छ । अब एउटा विश्वासको दिशातिर अगाडि बढेको संकेत हामी पाउँछौं ।’

## नेपाली...

क्वात्राको भनाई छ । भारतले १० हजार मेगावाट बिजुली किन्ने

भारतले आगामी १० वर्षमा नेपालबाट १० हजार मेगावाट बिजुली किन्ने घोषणा गरेको छ । हैदरावाद हाउसमा भएको संयुक्त पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले यस्तो घोषणा गरेका हुन् ।

प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणका क्रममा नेपालले बिजुलीलाई प्राथमित्तामा राखेको थियो । हैदराबाद हाउसमा संयुक्त पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै मोदीले भने, ‘आगामी १० वर्षमा भारतले नेपालबाट १० हजार मेगावाट बिजुली किन्छ ।’

यसबाहेक, तल्लोअरुण र फुकोट कर्णाली परियोजना विकासका लागि सम्झौता भएको छ । ६६९ मेगावाट क्षमताको तल्लो अरुण परियोजना विकास सम्झौता (पीडीए) भएको छ भने ४८० मेगावाट क्षमताको फुकोट कर्णालीको सम्बन्धमा द्वीपक्षीय सम्झौता (एमओयू) भएको छ ।

## भारतीय...

प्रयोग गर्न सक्छ । यसबाट नेपाली आयात र निर्यातकर्ताले कलकत्ताको अस्तव्यस्त अवस्था झेल्न नपर्ने भएको छ ।

भारतले सन् २०१९ मा उद्घाटन गर्दै सहायबगञ्जमा सहायबगञ्ज रिभरपोर्ट सञ्चालनमा ल्याइसकेको छ । झारखण्डमा पर्ने सहायबगञ्जसम्म भारतले गंगाको किनारै किनार हुँदै क्रुज जहाज चलाइरहेको छ ।

## विराटनगर...

गरेर सहजीकरण गर्न आग्रह गर्दै आएका थिए । भारतको बथनाहाबाट विराटनगरको आईसीपी रेल्वे स्टेसनसम्म बिछ्याइएको आठ किलोमिटर रेलमार्ग तयारी अवस्थामा छ । सो रेलमार्ग २०७५ कात्तिक ८ गते रेल सञ्चालनका लागि परीक्षणसमेत भइसकेको थियो । बुधबार पनि सो रेलमार्गको पुन:परीक्षण गरिएको रेल विभागले जनाएको छ ।

बथनाहादेखि विराटनगर हुँदै कटहरीसम्म १८ दशमलव एक किलोमिटर लामो रेलमार्ग सन् २०११ देखि निर्माण सुरु भएको भए पनि पूरा हुन सकेको छैन । केही स्थानमा मुआब्जा विवाद कायमै छ । भारत सरकारको आर्थिक र प्राविधिक सहयोगमा रेलमार्ग निर्माण भएको हो । भारतको बथनाहाबाट विराटनगर हुँदै कटहरी गाउँपालिकाको महेशपुरमा अन्तिम स्टेसन निर्माण गर्ने सरकारको योजना छ । कुल लम्बाइमध्ये भारततर्फ पाँच र नेपालतर्फ १३ किलोमिटर छ ।

## सांसद...

कार्यक्रम हटाउन माग गर्दै सभामुख देवराज घिमिरेलाई ज्ञापनपत्र बुझाएको छ । अनेरास्ववियूका अध्यक्ष समिक बडालको नेतृत्वमा सभामुखलाई बिहीबार ज्ञापनपत्र बुझाइएको हो ।

विगतमा हटाइएको सांसद विकास कोषलाई अहिलेको सरकारले ब्युँताएको भन्दै आलोचना गरेको छ । अनेरास्ववियूले मुलुकको अर्थतन्त्र कमजोर रहेको अवस्थामा यस्ता कार्यक्रम ब्युँताउनु ठीक नभएको बताएको हो । सांसद विकास कोषका लागि विनियोजन गरिएको रकम कक्षा ११ र १२ को शिक्षालाई नि:शुल्क गराउने कार्यमा खर्च गराउन पनि माग गरिएको छ ।

सभामुखलाई ज्ञापनपत्र बुझाउँदै अनेरास्ववियूका अध्यक्ष बडालले देशको अर्थतन्त्र शिथिल भएको बेलामा सांसद विकास कोषको स्थापना गरी सांसदहरूलाई ५/५ करोड रुपैयाँ वितरण गर्नुले सांसदहरू जनउत्तरदायी नभएको कुरालाई पुष्टि गरेको बताए । उनले सो कोषका लागि कानुनी व्यवस्था नभए पनि बदिनयतका साथ अगाडि बढाइएको बताए । ज्ञापनपत्र बुझ्दै सभामुख घिमिरेले आफ्नो ध्यानाकर्षण भएको बताएका थिए ।

## चर्को...

३५ डिग्री नाघेपछि त्यहाँका ८ जिल्लामा निर्माण मजदुरको स्वास्थ्यमा ध्यान दिन विशेष सर्कुलर जारी गरिएको छ ।

कन्स्ट्रक्सन कम्पनीहरूलाई कार्यस्थलमा आराम गर्न छायाँयुक्त स्थल, पिउने पानीको प्रशस्त व्यवस्था गर्न निर्देशन दिइएकोछ । प्रत्येक वयस्क कामदारलाई दैनिक न्यूनतम ३ लिटर पानी पिउनसमेत निर्देशन दिइएको छ ।

## सुल्झिएन...

संयुक्त पत्रकार सम्मेलनपछि विदेश सचिव क्वात्राले पत्रकार सम्मेलन गरेका थिए । पत्रकारहरूले सोधेको प्रश्नमा क्वात्राले भने, ‘मेरो जानकारीमा भएअनुसार अग्निपथमा गोर्खा भर्ती, ईपीजी र शान्ति तथा मैत्री सन्धिको विषयमा दुई प्रधानमन्त्रीहरूबीच द्विपक्षीय र प्रतिनिधिमण्डलस्तरीय बैठकमा कुरा भएन ।’

तथापि, भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालसँग देखिएका सीमासम्बन्धी विवाद समाधान गर्ने बताएका छन् ।

भारत भ्रमणमा रहेका प्रधानमन्त्री प्रचण्डसँग द्विपक्षीय भेटवार्तापछि आयोजित संयुक्त पत्रकार सम्मेलनमा भारतका प्रधानमन्त्री मोदीले दुई मुलुक मिलेरै सीमासहितका सबै विषयमा समाधान गर्ने बताएका हुन् ।

मोदीले नेपाल र भारतको धार्मिक र सांस्कृतिक सम्बन्ध धेरै पुरानो रहेको भन्दै अझै बलियो बनाउने प्रतिबद्धता व्यक्त गरे । पत्रकार सम्मेलनमा प्रधानमन्त्री दाहालले पनि सीमा समस्या समाधानको विषयमा छलफल भएको र द्विपक्षीय कूटनीतिक संयन्त्रमार्फत समाधान गर्न आफूले आग्रह गरेको बताए ।

## भारतीय...

समेटिएकोबारे चासो राखेका थिए । नेपाली जनताले प्रधानमन्त्री प्रचण्डलाई आफ्नो भारत भ्रमणका बेला सो नक्साबारे भारतीय पक्षसँग छलफल गर्न र हटाउन आग्रह गर्न दबाब दिँदै आएका छन् । डोभाल र विदेश सचिव क्वात्रासँगको अनौपचारिक कुराकानीमा प्रचण्डले नक्साबारे चासो व्यक्त दा भारतीय पक्षले नक्सालाई राजनीतिक रूपमा नभई सांस्कृतिक रूपमा मात्रै बुझ्न आग्रह गरेका थिए ।

ता भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी लगायतसँगको बिहीबारको भेटमा भने यो विषयले प्राथमिकता पाउन सकेन ।



## Invitation for Online Quotations

**Shivasatakshi Municipality**
**Office Of The Municipal Executive**
**Koshi Province, Jahpa**
**Date of publication: 2080/02/19 (02-June-2023)**

1. The Shivasatakshi Municipality invites online quotations for the Following Procurement.

| Contract ID | Descriptions | Bid doc Fee Nrs | Bid Security Nrs |
|---|---|---|---|
| 07/SM/SQ/Goods/2079/080 | Procurement of Medicine and Surgical Accessories | 1000.00 | 10,3000 |

2. Eligible Bidders may obtain further Information from PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who submit their bid electronically may download the bidding documents from www.bopatra.gov.np/eg till 12:00, 2080/03/03 (18-June-2023). Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as stated above in the following account
**Name of the Bank:Nepal Investment Mega Bank Nepal LTD.**
**Name of Office: Shivasatakshi Municipality**
**Office Account no(Rajaswa Khata ).: 29601400000017**
4. Online bids must be submitted through www.bopatra.gov.np/egp egp on or before 12:00 on 2080/03/03 (18-June-2023) Bids received after this deadline will be rejected.
5. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 14:00, 2080/03/03 (18-June-2023) the office of Shivasatakshi Municipality Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting as mention above which shall be valid for 30 days beyond the validity period of the bid.
6. Bid must be valid for a period of 75 days after bid opening and must be accompanied by a bid security amount as mention above should deposited at Dharauti Khata a/c no **29601400000048** on the behalf of Shivasatakshi Municipality at Mega Bank Nepal LTD, Byangdada Branch.
or
Bidder who choose to submitt their bid security amount as Bid bond ,the bid bond should be issued from authorized and recognized commercial bank or Finincial institution eligible to issue bank gurantee as per prevailing law of Nepal. A scan copy of bid bond is mandatory.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid should comply in all respects with the Instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
9. All the other condition of bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064.
10. Shivasatakshi Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

*पर्यटनको नयाँ गन्तव्य*

**लिम्चुङबुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बाराहा, उदयपुर, नेपाल**

Limchungbung Rural Municipality, Baraha Udayapur

## विद्युतिय माध्यमबाट बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०२/१९**

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार Supply And Delivery of Interior Item For Municipal Building कार्य गर्नु पर्ने भएको कारणले इच्छुक फर्म, कम्पनीले बोलपत्र पाईने स्थान, दस्तुर, विडवोण्ड पेश गर्ने, खोल्ने स्थान लगायतका विस्तृत विवरण सहितको सूचना यस कारयालयको Website:https://limchungbungmun.gov.np र सूचना पाटीमा रहेको छ साथै यस सम्बन्धी सूचना सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को Website: https://www.bolpatra.gov.np मार्फत हेर्न सकिने र बोलपत्र सम्बन्धी कागजात https://www.bolpatra.gov.np/egp मा राखि यो विद्युतिय माध्यमबाट यो बोलपत्र आह्वान गरिएको छ ।

**बोलपत्र सम्बन्धी कार्यको विवरणः**

| IFB/RFP /EOI/PQ NO. | कार्यको विवरण | स्वीकृत ल.स्टि. भ्याट सहित | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| LRM-UDA/Goods /NCB/10/2079/080 | Supply And Delivery of Interior Item For Municipal Building Baraha, Udayapur | 41,50,000.00 | 1,05,000.00 | 3000 |
| आन्तरिक राजश्व खाताः 43295241207004 | | | | |
| धरौटी खाताः 43225240600003 | | | | |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

जुम्लामा फैलियो भाइरल ज्वरो

# एक जनाको मृत्यु, ५३ बिरामी



**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, १८ जेठ

जुम्लामा भाइरल ज्वरोका कारण एक जनाको मृत्यु भएको छ। कनकासुन्दरी गाउँपालिकाको वडा नम्बर ७ दियारपाटाकी ६१ वर्षीया दिपु उपाध्यायको ज्वरोका कारण मृत्यु भएको हो । उक्त वडाका अन्य ५३ भन्दा बढी ज्वरोले थलिएका छन् ।

गत जेठ ६ गतेबाट स्थानीयमा ज्वरो देखिएको छ । जिल्ला जनस्वास्थ्य सेवा कार्यालय जुम्लाका जनस्वास्थ्य निरीक्षक प्रेम सुमाइले ज्वरोले एक जनाको मृत्यु भएको र अन्य ५३ जना थलिएको बताए । उनका अनुसार उनीहरुमा ज्वरो आउने, वाकवाकी लाग्ने, टाउको दुख्ने, खोकी लाग्ने जस्ता लक्षण देखिएको छ । उक्त स्थानमा बिहीबार ५ जना स्वास्थ्यकर्मीसहितको टोली त्यहाँ पुगेको छ । कनकासुन्दरी स्वास्थ्य चौकीका प्रमुख वीरेन्द्र उपाध्यायको नेतृत्वमा आवश्यक औषधिसहितको स्वास्थ्य प्राविधिक टोली उक्त स्थानमा गएको हो ।

टोलीले बिरामीमा देखिएको समस्या पहिचान गर्ने जनाइएको छ। उक्त गाउँमा१ सय १५ घरधुरीमा रहेका मानिसहरूको आरडिटीमार्फत स्वास्थ्य परीक्षणपछि सम्बन्धित ठाउँमा नमुना पठाइने स्वास्थ्य चौकीले जनाएको छ। गाउँपालिकाको अनुरोधमा स्वास्थ्यकर्मीको टोली त्यहाँ गएको हो । टोलीले बिहीबार र शुक्रबार स्वास्थ्य परीक्षण गर्नेछ। परीक्षण पछिको रिपोर्टको आधारमा मात्र के समस्या हो भनेर पुष्टि गर्न सकिने स्वास्थ्यकर्मीले बताएका छन्। जिल्लामा अन्य स्थानमा यस्तो समस्या देखिएमा तत्काल खबर गर्न पनि जिल्ला जनस्वास्थ्य सेवा कार्यालय जुम्लाले आग्रह गरेको छ।

# विद्यालय सुशासन, बालमैत्री वातावरणसम्बन्धी तीन दिने कार्यशाला गोष्ठी सम्पन्न

**ललितपुर/मस-** लू निभाःको आयोजनामा प्रशंसनीय खोज, विद्यालय सुशासन, बालमैत्री वातावरणसम्बन्धी तीन दिने आवसीय कार्यशाला गोष्ठी सम्पन्न भएको छ।




लू निभाःले ललितपुर महानगरपालिका र ललितपुर महानगर वडा नं १८, २१, २२ र २५ सँगको सहकार्यमा जेठ १५ देखि १७ गतेसम्म त्यस क्षेत्रका सार्वजनिक तथा संस्थागत विद्यालयका २२ जना प्रध्यानाध्यापकहरुका लागि प्रशंसनीय खोज, विद्यालय सुशासन, बालमैत्री वातावरणसम्बन्धी तीन दिने आवसीय कार्यशाला गोष्ठी आयोजना गरेको हो।

लू निभाःका कार्यकारी निर्देशक नरेन्द्र डंगोलको अध्यक्षतामा सम्पन्न उद्‌घाटन कार्यक्रममा प्रमुख अतिथि बागमती प्रदेशका प्रदेश सभा सदस्य प्रेमभक्त महर्जन, अतिथि ललितपुर महानगरपालिका वडा नं २५ का वडा अध्यक्ष दौलत कुमार खत्री रहेका थिए।

कार्यक्रममा प्रमुख अतिथि महर्जनले महानगरपालिका चार वटा वडा मात्र नभई प्रदेशस्तरीय शिक्षक तालिमको व्यवस्था गर्न पहल गर्ने प्रतिबद्‌बता जनाए।

त्यसैगरी कार्यशाला गोष्ठीको समापन समारोहमा प्रमुख अतिथिको रुपमा ललितपुर महानगरपालिकाकी उपप्रमुख मञ्जली शाक्य बज्राचार्य र अतिथिको रुपमा ललितपुर महानगरपालिका वडां नं १९ बाट राजेन्द्र महर्जन र वडा नं २२ बाट सागर तुलाधरको उपस्थिति रहेको थियो । उपप्रमुख बज्राचार्यले लू निभाःले गरिरहेको कामको प्रशंसा गरिन् । उनले शिक्षाको महत्वको बारेमा चर्चा गर्दै शिक्षकहरुको दायित्वको बारेमा प्रकाश पारिन्।

कार्यक्रममा लू निभाःका कार्यकारी निर्देशक डंगोलले कार्यशाला गोष्ठीबाट सिकेको कुराको सही सदुपयोग गरी शिक्षा क्षेत्रमा अझ धेरै अगाडि बढ्नका लागि प्रध्यानाध्यापकहरुलाई उत्प्रेरणा दिए।

कार्यशाला गोष्ठीको अन्त्यमा उपस्थित सम्पूर्ण प्रध्यानाध्यापकहरुको सहभागिता र सहमतिमा ८ बुँदे नगरकोट घोषणा पत्र जारी गरिएको थियो भने आगामी दिनमा आ-आफ्नो विद्यालयमा सो घोषणा पत्रलाई इमान्दारिताका साथ कार्यान्वयन गर्न सबै सहभागीहरुले प्रतिबद्धता जनाएका थिए।

लू: निभा सन् १९९७ देखि हकहित र अधिकारको संरक्षण तथा विशेषत: बालबालिकाको शिक्षाको अधिकार अन्तर्गत शैक्षिक गुणस्तर प्रवर्द्धन, शैक्षिक सुशासन, शिक्षामा पहुँचलगायतमा कार्यरत एक क्रियाशील अभियानमुखी संस्था हो। विगत अढाई दशकदेखि लू निभाःले ललितपुर र काठमाडौंका विभिन्न विद्यालयका बालबालिकाहरुलाई शैक्षिक सहायता प्रदान गर्नुको साथै शिक्षकहरुको ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्नका लागि विभिन्न गतिविधिहरु सञ्चालन गर्दै आइरहेको छ।

# बिहेको प्रस्ताव अस्वीकार गर्दा दुई जनाको हत्या

**कपिलवस्तु/मस-** कपिलवस्तुको बाणगंगामा दुई जनाको हत्या गरिएको छ। बिहेको प्रस्ताव अस्वीकार गर्दा उनीहरुको हत्या भएको कपिलवस्तुका प्रहरी नायब उपरीक्षक मीनबहादुर घलेले बताए । बाणगंगा नगरपालिका-६ मटेरियाका ७० वर्षीय बमबहादुर थारु र उनकी भतिजी २२ वर्षीया अञ्जनी थारुको चक्कु प्रहार गरी हत्या गरिएको हो।

बिहीबार बिहान ९ बजेतिर दुवै जनालाई चक्कु प्रहार गरिएको थियो । तत्काल उपचारका लागि भतिजीलाई भैरहवा मेडिकल कलेज र काकालाई स्थानीय अस्पताल लगिएको थियो । उनीहरु दुवै जनाको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

रुपन्देहीको कञ्चनका २२ वर्षीय मोहन थारुले उनीहरुमाथि चक्कु प्रहार गरेको प्रहरी नायब उपरीक्षक घलेले जानकारी दिए।

प्रहरीका अनुसार मोहन र अञ्जनी विगत दुई वर्षदेखि प्रेम सम्बन्धमा रहेको बताइएको छ। बिहेको प्रस्ताव अस्वीकार गरेपछि हत्या गरेको बताइएको छ। हत्या गर्ने थारुलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान थालेको छ।

**मलेशियामा रोजगार** **GEOPANCAR SDN BHD, MALAYSIA** पूनः बिज्ञापन
पुर्व स्विकृति मितिः 2079.08.15 चलानी नं. ६०१९२५५६ LT No. 276943

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 114 | 1500 | 42880 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**अन्तरवार्ताः २०८० जेठ २६ गते (9 June 2023) मेनपावर कार्यालयमा हुनेछ ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः निःशुल्क

**तुलसी इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा. लि.**
बसुन्धारा, काठमाडौं, नेपाल, फोन नं.: ४९६५०७५, ४९५६५७५, श्रम इजाजत पत्र नं.: १५०९/०७४/७५

## राप्ती नगरपलिका
## नगर कार्यपालिकाको कार्यालय
भण्डारा, चितवन नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितीः २०८०-०२-१९**

यस कार्यालयबाट मिती २०७९/१०/२९ (१२-फेब्रुअरी-२०२३) गते www.bolpatra.gov.np/egp र सौर्य राष्ट्रिय दैनिकमा मिति २०७९/११/०९ मा प्रकाशित बोलपत्र आह्वानसम्बन्धी Single Stage double envelope System सूचना बमोजिम आह्वान भएको ठे.नं. 11/Works/NCB/RM/079/080 को "CONSTRUCTION OF HOSTELS FOR STUDENTS FROM UNDERPRIVILEGED COMMUNITIES (CHEPANG COMMUNITIES) AT RAPTI MUNICIPALITY– 12" योजना निर्माणसम्बन्धी बोलपत्रहरुमध्ये यस कार्यालयमा गठित बोलपत्र मूल्यांकन समितिको २०८०/०२/१७ को निर्णय बमोजिम सारभुतरुपमा प्रभावग्राही ठहर भइ सबैभन्दा न्यून कबोल रकम पेश गर्ने तपसिल बमोजिमको बोलपत्र स्वीकृत गरि उक्त कार्य कार्यन्वयन गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतिको लागि छनौट गरिएकोले सोहि ऐनको दफा २७ (२) र दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारी गराईन्छ।

| क्र. सं. | ठेक्का न. | छनोट भएको बोलपत्रदाताको नाम | कबोल रकम (With VAT & PS) | कैफियत |
|---|---|---|---|---|
| १ | 11/Works/NCB/RM/079/080 | M/S SHIVALAYA-HIMANJAYA J/V, KATHMANDU | ६,८७,४१,८०४।३० | |

**प्रमुख प्रशासकीय अधिकृत**

## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

### स्यानिटरी प्याड खरिदको लागी शिलवन्दी दरभाउपत्र आव्हानको ई-विड सूचना

**(प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०८०।०२।१९)**

१. उर्लावारी नगरकार्यपालिकाको कार्यालय मोरङ्ग, योग्य शिलवन्दी दरभाउपत्रदाताहरूबाट, राष्ट्यि स्तरको खुल्ला शिलवन्दी दरभाउपत्रको माध्यमवाट स्यानिटरी प्याड खरिदको गर्नको लागी यो शिलवन्दी दरभाउपत्र आव्हान गर्दछ।

२. योग्य शिलवन्दी दरभाउपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि वा शिलवन्दीदरभाउपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन्:- खरिद कर्ता :- उर्लावारी न.पा. कार्यालय, मोरड, फोन नं :- ०२१५४०००० वा ९८५२०३०९१९

३ दरभाउपत्र सम्वन्धी कागजात यो सुचना कार्यालयवाट प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन सम्ममा कार्यालय समय भित्र रु २०।- को टिकट टाँस गरी तोकिएको राजश्व रकम रु. १०००।- ( पछि फिर्ता नहुने गरी) (राजश्व खाता नं.- ०६०१७०११५०५९५१४८ मा) राजश्व रकम बुझाइ ई विडमार्फत खरिद गर्न सकिने छ।

४. इच्छुक फर्म, कम्पनी, सप्लायर्स वा संस्थाले दरभाउ पत्र फाराम खरिद गर्दा आ.व. २०७९।०८० सम्मको लागि नविकरण गरीएका सम्बन्धित विषयको कारोवार गर्ने इजाजत पत्र वा फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर,(एब्ल/ख्व्त) नागरिकताको प्रमाणपत्र र आ.व.२०७८।०७९ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र, नेपाल गुणस्तर चिन्ह प्राप्त (NS चिन्ह प्रमाण पत्र र ISO Certified) सम्बन्धी कागजातहरुको प्रतिलिपिहरु मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित गराई निवेदन साथ अनिवार्य रुपमा संलग्न राखि प्रोपाइटर स्वयं उपस्थित भई वा आधिकारिक मन्जुरनामा सहितको प्रतिनिधि पठाई खरिद गर्न सकिने छ।

५. दरभाउपत्र फाराम पेश गर्दा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन सम्म दिनको ठिक १२.०० बजे भित्र शिलबन्दी खाममा यसकार्यालयलाई सम्बोधन गरी के कामको लागि शिलबन्दी फाराम पेश गर्न लागिएको हो सो कामको विवरण नाम,ठेगाना, फोन नं. समेत खुलाई आधिकारिक व्यक्ति द्धारा सिलबन्दी दरभाउपत्र फाराम नगरकार्यपालिकाको कार्यालयमा दर्ता गराउन सकिने छ। दर्ता हुन आएको फाराम कार्यालय प्रमुखको दस्तखत तथा यस कार्यालयको छाप लागेको हुनु पर्नेछ।

६. दर्ता भएका शिलवन्दी दरभाउपत्र फारामहरु १६ औं दिनको दिनको ठिक २.०० बजे शिलवन्दी दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालय समयमा खोलिने छ। शिलवन्दी दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

७. दरभाउपत्र फाराम दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

८. दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी क्रमश कम्तिमा ९० दिनसम्मको लागि मान्य हुने छ। शिलवन्दी दरभाउपत्रका हकमा शिलवन्दी दरभाउपत्र खोलिएको दिन देखी गणना हुने गरी ४५ दिन सम्मको लागी मान्य हुने छ। साथमा निम्न अनुसार जमानत पेश गर्नु पर्नेछ र शिलवन्दी दरभाउपत्र जमानतका मान्य हुने अबधि शिलवन्दी दरभाउपत्रको मान्य हुने अबधि भन्दा कम्तिमा पनि ४५ दिन बढी हुनु पर्नेछ। ९. शिलवन्दी दरभाउपत्र पेश गर्दा मुल्य अभिबृद्धि कर बाहेकको दर पेश गर्नु पर्नेछ।

१०. माथी उल्लेखित सामानहरु कार्यालयको आवस्यकता अनुसार बढि वा घटि समेत लिन सकिने छ।

११. शिलवन्दी दरभाउपत्र पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।

१२. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु कार्यालयबाट उपलव्ध गराईएको शिलवन्दी दरभाउपत्र कागजात अनुसार अन्य कुराहरुको हकमो सार्वजनिक खरिद ऐन २०६३ तथा यस सार्वजनिक खरिद नियमावली २०६४ एवम् प्रचलित ऐन नियमानुसार हुने छ।

१३. इच्छुक फर्म, कम्पनी, सप्लायर्सले शिलवन्दी दरभाउपत्रका साथ आफुले सप्लाई गर्ने स्यानिटरी प्याडको नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय सिहदरवार काठमाण्डौवाट तयार गरिएको स्पेसिफिकेशन अनुसारको नमुना (स्याम्पुल) अनिवार्य रुपमा पेश गर्नु पर्ने छ। साथै नेपाल गुणस्तर चिन्ह प्रयोग गर्ने ईजाजत प्राप्त कम्पनी वा उत्पादवाट उत्पादित स्यानिटरी प्याडलाई मात्र मान्यता दिईने छ। (कार्यालयको धरौटी खाता नं.-०६०१७०११५०५९५०२४)

**कामको विवरण**

| सि.नं | प्याकेज नं. | खरिदको प्याकेज | इष्टीमेट रकम ( मु.अ.कर वाहेकको) | खरिदको माध्यम | जमानत रकम | सूचना अवधी |
|---|---|---|---|---|---|---|
| १. | ०७/०७९।०८० | स्यानिटरी प्याड खरिद | रु. १६,१४,७२०।- ( अक्षेरेपी रु. सोह्र लाख चौध हजार सात सय विस मात्र) | शिलबन्दी दरभाउपत्र | ४८,५००।- | १५ दिनको |

**प्रमुख प्रशासकिय अधिकृत**



मध्यान्ह
www.madhyanhadaily.com
१९ जेठ २०८०, शुक्रबार
2 June 2023, Friday

## सम्पादकीय

### कमजोर कुटनीति

चार दिने भारत भ्रमणका क्रममा नयाँ दिल्ली पुगेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र समकक्षी नरेन्द्र मोदीबीच उर्जा, ब्यापारसहित ७ सम्झौता भएको छ । हैदरबाद हाउसमा भेटवार्ता भएपछि संयुक्त पत्रकार सम्मेलन गर्दै ७ सम्झौता दुई प्रधानमन्त्रीले सार्वजनिक गरे । ती सम्झौता सार्वजनिक गर्ने क्रममा प्रधानमन्त्री प्रचण्ड र मोदीले नेपाल–भारतबीच रहेको सीमा समस्याबारे समेत छलफल भएको बताए । मोदीले सम्बन्ध सुधारमा सीमा समस्या नहुने भन्दै सबै समस्या समाधान हुने बताएका थिए । प्रधानमन्त्री प्रचण्डले सीमा समस्या हल गर्नेबारे प्रस्ताव गरेका थिए । यसअघिका प्रधानमन्त्री शेरबहादुर देउवाले पनि सीमा समस्याबारे दुई पक्षीय संयन्त्र बनाएर समाधान खोज्ने प्रस्ताव गरेका थिए । फेरि प्रधानमन्त्री प्रचण्डले उस्तै प्रस्ताव गर्नुले सीमा समस्या हल नभएको प्रष्ट हुन्छ ।

तर सीमा समस्याको दीर्घकालीन हल खोज्नेसहित दुई देश बीचको सम्बन्ध सुधार गर्न आवश्यक सुझाव दिनेगरी बनेको प्रबुद्ध समूह (ईपीजी) प्रतिवेदनबारे कुनै छलफल भएन । दुई प्रधानमन्त्रीको भेटवार्तापछि भारतीय विदेश सचिव विनयमोहन क्वात्राले ईपीजीबारे कुरा नभएको बताए । जबकी भारतीय प्रधानमन्त्रीसँगको भेटमा ईपीजी प्रतिवेदनबारे कुरा उठाउनुपर्ने नेपालका प्रधानमन्त्रीहरूलाई दबाव छ । ईपीजी प्रतिवेदन नेपाल सरकाले बुझेपनि भारतीय प्रधानमन्त्रीले बुझेका छैनन् । ईपीजीमा दुवै देशका प्रधानमन्त्रीले नियुक्त गरेका जानकारहरू सामेल थिए । उनीहरूले तयार पारेको प्रतिवेदन नबुझेर उल्टै भारतले नेपाली भूमि अतिक्रमण गरेर सडक नै खनेका थिए । लिपुलेक भएर भारतले सडक खनेपछि नेपालले पनि लिम्पियाधुरासहित समेटेर नयाँ नक्सा जारी गरेको छ । नेपालले नयाँ नक्सा जारी गरेपछि दुई देशबीचको सम्बन्ध सुमधुर बन्न सकिरहेको छैन ।

यस्तो बेला भएको भ्रमणमा दिल्ली पुगेका प्रधानमन्त्रीले समकक्षीसँग दीर्घकालीन समाधानबारे पहल लिन जरूरी थियो । तर सीमा समस्याबारे छलफल मात्रै भयो । त्यसो हुनुमा भारतले नेपालको संवेदनशीलता नबुझेको मात्रै नभएर यहाँको राजनीतिक अस्थिरता पनि कारण देखिएको छ । किनभने छिटोछिटो सरकार परिवर्तन हुँदा पहिले कुरा भइसकेको विषय फेरि दोहोर्‍याउन भारतीय संस्थापनलाई सहज भएको छ । सीमा समस्याबारे देउवा र प्रचण्डसँग एउटै तहको कुरा हुनुले पनि त्यो पुष्टि हुन्छ । राजनीतिक अस्थिरता बाहेक परराष्ट्र नीति संस्थागत नभएर दलैपिच्छै फरक हुनुले पनि छिमेकी मुलुकहरूसँगै देखिने समस्या हल गर्न सजिलो भइरहेको छैन । यसतर्फ नेतृत्वले गम्भीर भएर सोच्न आवश्यक छ ।

# परराष्ट्र नीति र कूटनीतिः विचारणीय विषय

अग्रलेख



● डा. जयराज आचार्य

गणतन्त्र नेपालको परराष्ट्र नीतिबारे केही कुरा भन्नु अगाडि परराष्ट्र नीतिकै बारेमा एक-दुई सैद्धान्तिक कुरा गर्नु आवश्यक छ । 'परराष्ट्र नीति' भनेको एक देशले अर्को देश या सरकार या अन्तरराष्ट्रिय संस्थाहरूसित कस्तो सम्बन्ध राख्ने या कस्तो व्यवहार गर्ने भन्ने अवधारणा हो । त्यस अवधारणालाई कार्यान्वयन गर्ने प्राविधिक काम या जिम्मेवारीलाई चाहीँ 'कूटनीति' भनिन्छ । जनुसुकै देशको परराष्ट्र नीतिमा पनि परिवर्तन भन्दा निरन्तरताको मात्रा बढी हुन्छ किनकी परराष्ट्र नीति निर्धारण गर्ने स्थायी तत्व 'भूगोल' हो । भूगोल अपरिवर्तनीय छ । त्यसैले भनिन्छ, 'मित्र या शत्रु बदल्न सकिन्छ, छिमेकी बदल्न सकिन्न' । नेपाल भारत र चीनको बीचमा छ, त्यो बदलिन्न । 'इतिहास' अर्को तत्व हो जसले परराष्ट्र नीतिलाई निर्धारण गर्दछ । त्यो पनि बदल्न सकिन्न । हामीले विगतमा दुबै तर्फका छिमेकीसँग युद्ध पनि लडेका थियौं । आज पनि हामीले हाम्रो परराष्ट्र नीति बनाउँदा विगतको त्यो अनुभव र वर्तमानको यथार्थलाई विर्सन सकिन्न । इतिहासले पाठ सिकाउँछ । वर्तमानले कठोर परीक्षा लिन्छ ।

परराष्ट्र नीतिलाई निर्धारण गर्ने अरू कारकहरूमा भाषा, धर्म, संस्कृति, अर्थतन्त्र, व्यापार-वाणिज्य, सैन्यशक्ति र बदलिँदो अन्तरर्राष्ट्रिय परिस्थिति पनि हुन् । पृथ्वीनारायण शाह, जङ्गबहादुर, राजा महेन्द्र या बिपी कोइराला सबैले यिनै यथार्थलाई ध्यानमा राखेर आफ्नो परराष्ट्र नीति बनाए र त्यसलाई कार्यान्वयन गर्ने कूटनीति सञ्चालन गरे । नेपालको परराष्ट्र नीतिको उद्देश्य आफ्नो राष्ट्रिय हितलाई सर्वोपरि राखेर त्यसैलाई प्रवर्द्धन गर्नु नै हो । हाम्रो पहिलो उद्देश्य आफ्नो देशको स्वतन्त्रता, सार्वभौमसत्ता र भौगोलिक अखण्डताको संरक्षण गर्नु हो । अनि दोस्रो उद्देश्य हाम्रो आर्थिक र सामाजिक विकास हो । तर के बुझ्नुपर्छ भने हामीले हाम्रो दोस्रो उद्देश्य (आर्थिक विकास) पूरा गरेनौं भने पहिलो उद्देश्य पनि पूरा गर्न सक्दैनौं । आर्थिक विकास बिना हामी ज्यादै परनिर्भर हुन्छौं । फलतः हामी विदेशी शक्तिको दबाब र हस्तक्षेपको शिकार हुन्छौं । त्यसैले आर्थिक विकास परराष्ट्र नीतिको पहिलो उद्देश्यकै महत्वपूर्ण पाटो हो । दोस्रो उद्देश्य भए पनि यो पहिलो उद्देश्यकै अभिन्न अङ्ग बनेको छ । विचारणीय छ, पृथ्वीनारायण शाहको राष्ट्रिय एकीकरणको अभियान कालमा, जङ्गबहादुर राणा (राणाशासन कालभरी) र प्रजातन्त्रको उदय भएपछिका समयमा नेपालको पराराष्ट्र नीति र कूटनीतिमा केही भिन्नता थियो । त्यसको विस्तृत चर्चा गर्ने ठाउँ यहाँ छैन । तथापि यति त भन्नैपर्छ कि राष्ट्रिय हितको निरन्तरता चाहीँ सबै समयमा यथावत् थियो । निर्दलीय पञ्चायती व्यवस्थाकालमा (सन् १९६०-१९९० ताका) नेपालको परराष्ट्र नीतिको उद्देश्यमा 'देशको भौगोलिक सीमा सुरक्षा, जनताको सुरक्षा र देशको संस्कृतिको र राजनीतिक व्यवस्थाको सुरक्षा हो' भनिन्थ्यो ।

राजा वीरेन्द्रको समयमा सन् १९७५ मा नेपाललाई शान्तिक्षेत्र बनाउने प्रस्ताव पनि गरियो तर त्यसलाई कूटनीतिक कुशलता र चातुरीसाथ अगाडि बढाउन नसक्दा फलदायी हुनसकेन । आन्तरिक राजनीतिक र बाह्य कूटनीतिक व्यवस्थापन हुन नसक्दा सन् १९९० (२०४६ साल) मा जनआन्दोलन भयो र पञ्चायती व्यवस्था खारेज हुनगयो । कूटनीति त सफल भएन, भएन । व्यवस्थाको सुरक्षासमेत हुनसकेन । त्यो एउटा विचारणीय पाठ हो । भनिन्छ, २०४६ सालको पहिलो जन आन्दोलनपछि बहुदलीय 'प्रजातन्त्र' पुनः स्थापना भयो, २०६२-६३ को आन्दोलनपछि 'लोकतन्त्र' स्थापना भयो र अहिले २०७२ को संविधान लागू भएपछि देश संघीय लोकतान्त्रिक 'गणतन्त्र' भएको छ । नेपालको वर्तमान संविधान लागू भएको आठ वर्ष भयो तर बिडम्बना जस्तै छ कि 'संविधानको रक्षा गर्नु परेको छ' भन्ने नेतृत्ववर्गको आवाज बराबर सुनिन्छ । प्रश्न छः संविधानलाई खतरा कसरी छ ? देशभित्र या बाहिरबाट छ ? हाम्रो संविधानको संरचनामा नै राजनीतिक अस्थिरता अन्तरनिर्मित छ कि छैन ? अनि नेपाल जस्तो सानो देशमा निरन्तरको अस्थिरताले ठूला शक्ति राष्ट्रको हस्तक्षेप भइरहँदा राष्ट्रिय सुरक्षाको सवाल आइरहन्छ कि आउन्न ? यस्तो अवस्थामा कस्तो परराष्ट्र नीति र कूटनीति सञ्चालन गर्न सकिन्छ ? यी गम्भीर मननीय कुरा छन् । अब स्पष्ट हुनुपर्छ कि अस्थिरता अन्तरनिर्मित संवैधानिक संरचनामा नै संशोधनका लागि सर्वदलीय सहमति आवश्यक छ ।

हाम्रो संवैधानिक व्यवस्थामा अन्तरनिर्मित अस्थिरता त छँदैछ । त्यसमाथि फेरि पार्टीहरूले आ-आफ्नै परराष्ट्र नीति बनाउने र अझ पार्टीभन्दा पनि नेता विशेषले आ-आफ्नो व्यक्तिगत हितको लागि परराष्ट्र नीति र कूटनीति सञ्चालन गर्ने हो भने बाहिरी हस्तक्षेपको सम्भावना झन् बढ्छ नै । त्यसकारण हाम्रो परराष्ट्र नीति सर्वदलीय सहमतिमा बनाउनुपर्ने कुरा पहिला स्पष्ट हुनुपर्छ । हामीले हाम्रो परराष्ट्र सम्बन्धका प्राथमिकता पनि स्पष्ट रूपमा निर्धारण गर्नुपर्छ र तिनको कार्यान्वयनमा इमानदारीसाथ लाग्नुपर्छ । नेपालको परराष्ट्र नीतिको प्राथमिकतामा क्रमशः नेपाल-भारत सम्बन्ध, नेपाल-चीन सम्बन्ध, नेपाल-अमेरिका सम्बन्ध र नेपालको संयुक्त राष्ट्र संघमा भूमिका नै आउँछन् । इजरायल, खाडी मुलुक, मलेसिया, कोरिया, जापान र जर्मनीलगायत युरोपेली देशहरू खासगरी बेलायतमा आज धेरै नेपाली काम गर्न गएका छन् ।

अतः तिनीहरूसँको सम्बन्धमा पनि गम्भीरतापूर्वक सोच्नुपर्ने आवश्यकता छ । अनि सार्क, बिमस्टेक, असंललग्न आन्दोलन आदि क्षेत्रीय र विश्वव्यापी संगठनमा पनि नेपालले उल्लेखनीय भूमिका खेल्ने प्रयास गर्नुपर्छ । भूगोल, इतिहास, भाषा, धर्म, संस्कृति, शिक्षा, अर्थतन्त्र, व्यापार, वाणिज्य र सैन्य-सम्बन्धले समेत जोडिएको हुनाले नेपाल-भारत सम्बन्ध धेरै व्यापक छ । तर यही व्यापकता र निकटताले सम्बन्धमा जटिलता पनि ल्याउने गर्छ । यो द्विपक्षीय सम्बन्धबारे नेपाल र भारतीय पक्षको बुझाइ फरक हुनसक्छ । यस सम्बन्धमा कुरा गर्दा भारतीय पक्षले दुई देशबीच भूगोल, इतिहास, भाषा, धर्म, दर्शन, संस्कृति र सभ्यताको समीप्यमा जोड दिइरहेको हुन्छ भने नेपाली पक्षले आफूले भोग्नुपरेका व्यावहारिक कठिनाइ खासगरी विकास, अर्थतन्त्र, वाणिज्य, विद्युत् व्यापारलगायत व्यापारघाटा, पारवहनसम्बन्धी झमेला र सीमासम्बन्धी समस्यामा जोड दिइरहेको हुन्छ । धुलो बढारेर कार्पेटमुनि छोपी कोठा सफा भयो भनेझैं गरी यी समस्यालाई नजरअन्दाज गरिरहँदा दुबै पक्षलाई हानि भइरहेको हुन्छ ।

नेपालको नेतृत्ववर्गले भारतीय पक्षसँग खुलस्त रूपमा र हार्दिकतासाथ यी समस्या समाधान गर्ने विषयमा निरन्तर संवाद गर्नुपर्छ । निरन्तर संवाद नै कूटनीतिको आत्मा हो । सन् १९५० को शान्ति तथा मैत्री सन्धि, प्रबुद्ध व्यक्तिको समूह (इपिजी)को रिपोर्ट, कालापानी-लिपुलेक, सुस्तालगायत सीमा-समस्याले नेपाली जनमानसमा जुन अनुभूति गराइरहेछ, त्यो कसैको पनि हितमा छैन । वास्तविक पारस्परिक विश्वासको वातावरणमा यी सबै समस्या समाधान हुनसक्छन् । तर त्यो भइरहेको देखिन्न । ऐतिहासिक कालदेखि नै हाम्रा लागि नेपाल-चीन सम्बन्ध उत्तिकै महत्वपूर्ण रहिआएको छ । विगत सात दशकयता चीनले तीव्र गतिमा गरेको प्रगतिले हाल आएर ऊ विश्वको दोस्रो ठूलो अर्थतन्त्र र सोही बमोजिम विश्वकै राजनीतिक र सैनिक शक्ति बनेको सन्दर्भमा आज यो सम्बन्ध हाम्रा लागि अझ महत्वपूर्ण भएको छ । तर यो सम्बन्धको व्यवस्थापनमा पनि हामीले जति गरम्भीरतासाथ काम गर्नुपर्ने हो त्यो गरिरहेको अनुभव हुन्न । बीआरआइ अन्तर्गत चीनले जुन परियोजना प्रस्ताव गरेको छ । त्यसको समझदारीपत्रमा नेपालले पनि हस्ताक्षर गरेको छ तर काम चाहीँ केही पनि भएको छैन ।

नेपालको राष्ट्रिय हित हुनेगरी स्पष्ट छलफल र सम्झौता गर्ने नेपालीको असक्षमताका कारण काम अगाडि नबढेको हो भन्ने देखिएको छ । अगाडि आएका अवसर लिन नसक्नु हाम्रो कमजोरी हो । नेपाल-अमेरिका सम्बन्धमा पनि विचार र अध्ययनको कमी छ । बेलायतपछि नेपालले कूटनीतिक सम्बन्ध राखेको दोस्रो देश अमेरिका हो । सन् १९४७ को अगस्टमा भारत स्वतन्त्र हुनुभन्दा अगाडि (सन् १९४७ अप्रिल २५)मा नै नेपालले अमेरिकासँग कूटनीतिक सम्बन्ध किन राख्यो ? नेपाल-अमेरिका सम्बन्धको के महत्व छ ? एमसीसी अनुदानबारे अनावश्यक र अतिरञ्जनापूर्ण विवाद गर्नेहरूले यो प्रश्न किन नगरेको ? नेपाल र अमेरिका एक-अर्काबाट के चाहन्छन् ? यस सम्बन्धमा दुबैको पारस्परिक स्वार्थ के छ ? तिब्बत र सिक्किमको अनुभवबाट नेपालले के सिक्ने ? नेपालमा एकथरीको बुझाइ छ कि अमेरिकाले नेपाललाई दिल्लीको नजर या झ्यालबाट हेर्छ । तर अमेरिकाले कुनै समय नेपालको हित र अस्तित्वबारे चीनसँग पनि सल्लाह मशविरा गरेको थियो भन्ने धेरैलाई थाहा छैनहोला । मुख्य कुरा के हो भने अमेरिकाले नेपाललाई अफ्नै नजरले हेर्छ र नेपालले पनि अमेरिकालाई आफ्नै नजरले हेर्नुपर्छ । गतवर्ष एकजना अमेरिकी कूटनीतिज्ञले भनेका थिए, 'हामी नेपाल प्रो-इण्डिया भएको हेर्न चाहँदैनौं, प्रो-चाइना भएको हेर्न पनि चाहँदैनौं, प्रो-अमेरिका भएको हेर्न पनि चाहँदैनौं । हामी नेपाल प्रो-नेपाल भएको हेर्न चाहन्छौं ।' यहाँभन्दा स्पष्ट अरू के भनिरहन आवश्यक छ र ?

अमेरिकाले नेपालको शिक्षा, स्वाथ्य, यातायत, औलो उन्मूलन, जनसंख्या, सामुदायिक वन संरक्षण सूचना र सञ्चारका क्षेत्रमा विगत ७५ वर्षमा गरेको सहयोगको स्वस्थ मूल्यांकन गर्नु आवश्यक छ । अध्ययन र ज्ञान बिनाको हल्ला आत्मघाती हुन्छ । अहिले आफ्नो देशको नागरिकता छोडिकन नक्कली भुटानी शरणार्थी बनेर अमेरिका जान पैसाको लेनदेन गर्ने नेपाली जनता र अमेरिकाको सैद्धान्तिक विरोध गरेर राजनीति गर्ने नेताको व्यवहारले अमेरिकाको वास्तविक अप्रतिरोध्य आकर्षण र नेपालको सामाजिक यथार्थ देखाएको कुरा पनि मननीय छ । सार्क, बिमस्टेक, असंलग्न आन्दोलन आदिभन्दा पनि संयुक्त राष्ट्रसंघ नेपालको लागि बढी आवश्यक, उपयोगी र महत्वपूर्ण संस्था हो । नेपाल सन् १९५५ मा त्यसको सदस्य भएपछि सन् १९६९-७० र १९८८-८९ मा सुरक्षा परिषदको दुई-दुई-वर्षे अस्थायी सदस्य पनि चुनियो । तर संयुक्र राष्ट्र संघको शान्ति सेनामा धेरै लामो र ठूलो योगदान गरेको रेकर्ड हुँदाहुँदै पनि विगत तीन दशकयता सुरक्षा परिषदमा नेपाल चुनिएको छैन । साधारण सभाको अध्यक्ष पदमा पनि आजसम्म चुनिएको छैन ।

दुईवटै प्रयासमा असफलता हात लाग्यो । त्यसकारण संयुक्त राष्ट्र संघमा नेपालले आज खेल्न सक्ने खेल्नुपर्ने भूमिकाका विषयमा गहिरिएर विचार गर्नुपर्ने र तदनुसारको कदम चाल्नुपर्ने आवश्यकता छ । साना मुलुकको बल भनेकै उनीहरूका राष्ट्रिय संस्थाको विश्वसनीयता वा निर्भरयोग्यता हो-- जस्तो सिंगापुर र स्वीट्जरल्याण्ड । ती दुबै देश नेपालभन्दा धेरै साना छन् तर तिनको विश्वसनीयता विश्वभर प्रसिद्ध छ । जब सन् २०१८ को जुनमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली राष्ट्रपति किम जोङ उनकोबीच भेटवार्ता भयो त्यो सिंगापुरमा भयो र त्यो भेटघाटको सुरक्षा नेपाली सुरक्षा गार्डहरूले गरे । ती दुई राष्ट्रपतिको शिखर वार्ता नेपालको नगरकोटमा हुन किन सकेन ? हाम्रो असंलग्नताको रटान र गोर्खालीको वीरता अनि विश्वसनीयता कहाँ गयो ? हाम्रो नेतृत्ववर्गले सोच्ने विषय हो यो । हाम्रो परराष्ट्र नीति र कूटनीति सफल हुनका लागि हाम्रो सरकार, संसद्, अदालत र सुरक्षा निकाय वा संस्था अरूहरूको दृष्टिमा स्वच्छ, सुदृढ, विश्वसनीय र निर्भरयोग्य हुनु अत्यावश्यक छ । भाषण या नारामा मात्रै अब नेपाली जनताले त विश्वास गर्दैनन् भने अन्तरराष्ट्रिय जगतले के विश्वास गर्ला ? गणतन्त्र नेपालको पराराष्ट्र नीति र कूटनीतिबारे गहिरिएर विचार गर्नुपर्ने केही मुख्य विषय यिनै हुन् ।

**(लेखक पूर्व राजदूत राजनीतिक विश्लेषक हुन् ।)**

## सामाजिक सञ्जाल



**- दमननाथ ढुंगाना**

